राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १०२ | २०८२ कात्तिक २६ गते बुधवार | (12 Nov. 2025) | पृष्ठ ४ | मूल्य रु. ३।-

# मधेशको सत्तासंघर्षले मच्चायो राजनीतिक भूकम्प



दैनिक समाचारदाता
जनकपुरधाम, २५ कात्तिक। मधेश प्रदेशमा फेरि एकपटक राजनीतिक अस्थिरताको आँधी उठेको छ। संविधानको धारा १६८(३) अनुसार नेकपा (एमाले) का सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेसँगै प्रदेशको राजनीतिक, कानुनी र नैतिक तीनै तहमा विवादको बर्खा सुरु भएको छ। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले असहज परिस्थितिमा नियुक्ति दिँदै बर्दिबासस्थित होटलमा गोप्यरूपमा शपथ ग्रहण गराएकी थिइन्, जसले मधेशको राजनीतिक इतिहासमै अभूतपूर्व विवाद जन्मायो।

मंगलबार यादवले जनकपुरस्थित मधेश भवनमा पदभार ग्रहण गरे पनि परिस्थिति शान्त थिएन। सात राजनीतिक दलका सांसद तथा कार्यकर्ताहरूले मधेश भवन अगाडि नाराबाजी गर्दै विरोध प्रदर्शन गरे। विरोधका क्रममा सांसद र कार्यकर्ताहरू तथा प्रहरीबीच झडप भयो, जसमा प्रहरीले लाठीचार्ज गर्दै भिड तितरबितर बनायो। घटनापछि मधेश भवन अगाडिको क्षेत्र लामो समयसम्म तनावग्रस्त रह्यो।

सरकार गठन प्रक्रियाप्रति असहमति जनाउँदै नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी, नागरिक उन्मुक्त पार्टी र जनमत पार्टीलगायत सात राजनीतिक दलका सांसदहरू सोमबारदेखि प्रदेशसभा भवन अगाडि धर्नामा बसेका छन्। उनीहरूले प्रदेश प्रमुखको कदमलाई "संविधानमाथिको प्रहार" भन्दै निषेध गरेका छन्। दलहरूको आरोप छ–प्रदेश प्रमुखले राजनीतिक पक्षपात गर्दै ठूलो दलको हैसियतमा एमालेलाई सत्ता हस्तान्तरण गर्न संविधानको गलत व्याख्या गरिन्।

राजनीतिक धर्नासँगै कानुनी संघर्ष पनि सुरु भइसकेको छ। सात दलका ७४ जना सांसदहरूको संयुक्त हस्ताक्षरसहित सर्वोच्च अदालतमा रिट दर्ता गरिएको छ, जसको सुनुवाइ बुधबारका लागि तोकिएको छ। रिटमा प्रदेश प्रमुखको निर्णयलाई असंवैधानिक ठहर गर्न माग गरिएको छ। रिट दर्ता गर्ने टोलीमा कांग्रेसका कृष्णप्रसाद यादव, जसपाका सरोजकुमार यादव, माओवादीका युवराज भट्टराई, लोसपाका जयलुन राइन लगायतका नेताहरू सहभागी थिए। उनीहरूका अनुसार, "प्रदेश

बाँकी पृष्ठ ४मा

## संविधानअनुसारै बाटोमै शपथ लिएको हुँ : मुख्यमन्त्री यादव




मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आफ्नो शपथग्रहणलाई 'संवैधानिक र बाध्यात्मक परिस्थिति'को परिणाम भएको बताएका छन्। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी बिरामी भएर काठमाडौं हिँडेपछि परिस्थिति अनुरूप बाटोमै शपथ लिनुपरेको उनले स्पष्ट पारेका हुन्।

सोमबार साँझ जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री यादवले भने, "प्रदेश प्रमुख बिरामी भएर काठमाडौं हिँड्नुभएको रहेछ भन्ने थाहा पाएपछि मैले फोन गरेँ( माननीय प्रदेश प्रमुखज्यू, तपाईं मलाई शपथ नगराई जानुहुन्न। उहाँले भन्नुभयो, 'म त बिरामी छु, कार्यवाहक मुख्यमन्त्रीलाई भनेको छु।' तर नियुक्ति दिने अनि शपथ नगराउने त मिल्दैन। त्यसैले मैले भनेँ, तपाईं जहाँ हुनुहुन्छ, त्यहीँ आइरहेको छु, त्यहीँ शपथ ग्रहण गराइदिनुस्।" उनका अनुसार, नियुक्त मुख्यमन्त्रीले शपथ ग्रहण नगरेसम्म कार्यवाहक मुख्यमन्त्रीकै नेतृत्वमा सरकार रहन्छ, त्यसैले तत्काल शपथ लिनु आवश्यक भएको थियो। "स्थिति हेरेर मैले बाटोमै पुगेर शपथ लिएको हुँ," उनले भने।

मुख्यमन्त्री यादवले शपथग्रहण एकै ठाउँमा हुनुपर्छ भन्ने कुनै संवैधानिक बाध्यता नरहेको तर्क गरे। "सतिश सिंहजीको शपथ कहाँ भएको थियो ? सरोज यादवजीको कहाँ भएको थियो ? कोही मुख्यमन्त्रीको कार्यालयमा, कोही सभामुखको अगाडि पनि भएको थियो। त्यसैले एकै ठाउँमा हुनुपर्छ भन्ने नियम छैन," उनले स्पष्ट पारे। संविधानको धारा १६८(२) अनुसार नियुक्त लोसपा नेता जितेन्द्र सोनलले विश्वासको मत नपाउने स्थिति देखिएपछि कात्तिक २२ गते राजीनामा दिएका थिए। त्यसपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सबैभन्दा ठूलो दलको हैसियतमा नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन्।

तर महोत्तरीको बर्दिबास नगरपालिका(३ स्थित पानस होटलमा सोमबार बिहान झिसमिसेमा गरिएको उक्त शपथग्रहणले देशभर आलोचना र विवाद निम्त्यायो। होटलमा गोप्य रूपमा गरिएको यो शपथलाई धेरैले संवैधानिक मर्यादाविपरीत भनेका छन्।यसप्रति प्रतिक्रिया दिँदै मुख्यमन्त्री यादवले भने, "यो बाध्यात्मक परिस्थिति थियो। संविधान, राष्ट्रियता, अखण्डता र संघीय लोकतान्त्रिक गणतन्त्रमा कुनै आघात पुगेको छैन।"

चौतर्फी आलोचनापछि सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरी उनको स्थानमा सुरेन्द्र लाभ कर्णलाई प्रदेश प्रमुख नियुक्त गर्न सिफारिस गरेको थियो।

मधेश प्रदेशका राजनीतिक विश्लेषकहरूले भने यो घटनाले संघीय प्रणालीको नैतिकता र संवैधानिक मर्यादामाथि गहिरो प्रश्न उठाएको टिप्पणी गरेका छन्। मुख्यमन्त्री यादवको बचाउ र प्रदेश प्रमुखको पदमुक्तिले अहिले मधेशको सत्ता(राजनीति अझै अनिश्चित दिशातिर उन्मुख भएको आकलन गरिँदैछ।

## पाँच अर्बभन्दा बढीको धानबाली नष्ट

वीरेन्द्र कर्ण
जनकपुरधाम, २५ कात्तिक। यहि कात्तिक १५ गतेदेखि चारदिनसम्म लगातार परेको अविरल वर्षाका कारण मधेश प्रदेशको आठ जिल्लामा पाँच अर्ब ३५ करोड १५ लाख ९७ हजार ४ सय ९६ रुपैया




मूल्य बराबरको १ लाख ४७ हजार ५ सय ८ मेटन धानबाली नष्ट भएको छ।

कृषि विकास निर्देशनालय नक्टाझिजले दिएको जानकारी अनुसार थन्काउनका लागि काटेर ढालेको धानबाली घरमा भित्र्याउँदै अविरल वर्षाले खेतमा धानबाली नष्ट भएको हो। आठ जिल्ला रहेको मधेश प्रदेशमा यसवर्ष किसानहरुले ३१९६२६.७८ हेक्टर क्षेत्रफलमा धान रोपाई गरेको थियो। जसमध्ये अविरल वर्षाको कारण ४९१६९.४ हेक्टर क्षेत्रफलको धान नष्ट भएको वरिष्ठ बागवानी विकास अधिकृत प्रदीप कुमार यादवले बताए।

चारदिनको अविरल वर्षाले सबभन्दा बढी सिरहामा ४१ हजार ५ सय ८० हेक्टर क्षेत्रफलमा रहेको धानबाली नष्ट भएको हो। व्यापक मात्रामा धानबालीमा क्षतिपुगेपछि चिन्तित बनेका किसानहरु धान काटेर पांचो लगाएको धानमा ठूलो क्षति पुगेको किसान प्रमुख मण्डलको भनाई छ। यस बाहेक अविरल वर्षाले मधेश प्रदेशका किसानहरुले आफ्ना खेतबालीमा लगाएको तरकारी, केरा, मकै, उखु, तोरी, मुसरो, आलु लगायतका बालीहरु समेत नष्ट भएको छ। मधेश प्रदेशको आठ जिल्लामा ५४२५८०.७८ हेक्टर क्षेत्रफलमा कुल खेती योग्य क्षेत्रफल रहेकोमा ३७०१४५ हेक्टर क्षेत्रफलमा मात्र धान हुने गरेको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशमा सत्तासंघर्षको संवैधानिक परीक्षा

मधेश प्रदेशको राजनीतिक मञ्च अहिले अभूतपूर्व तनाव, आन्दोलन र कानुनी द्वन्द्वको घेराभित्र पुगेको छ। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीद्वारा नेकपा (एमाले) का सरोजकुमार यादवलाई संविधानको धारा १६८(३) अनुसार मुख्यमन्त्री नियुक्त गर्ने निर्णयले न केवल सत्ता समीकरण उल्टाएको छ, बरु संवैधानिक मर्म नै प्रश्नचिन्हमा पारिदिएको छ ।

संविधानले स्पष्ट रूपमा भनेको छ जबसम्म कुनै दल वा गठबन्धनले १६८(२) अन्तर्गत बहुमतको सम्भावना देखाउँछ, तबसम्म १६८(३) लागू गर्न पाइँदैन । तर मधेश प्रदेशमा वैकल्पिक सरकार गठनको वार्ता चलिरहेको बेला प्रदेश प्रमुखले एकाएक १६८(३) प्रयोग गर्नुले शंका उत्पन्न गरेको छ कि, के यो निर्णय निष्पक्ष संवैधानिक अधिकारको प्रयोग थियो वा पूर्वनियोजित राजनीतिक हस्तक्षेप ?

राजनीतिक पृष्ठभूमि हेर्दा, एमाले नेतृत्वमा आएको यो सरकार विपक्षी दलहरूका लागि आश्चर्यजनक मात्र होइन, आक्रोशको कारण पनि बन्यो । जसपा, लोसपा, माओवादी केन्द्र, एकीकृत समाजवादी र कांग्रेसलगायत दलहरूले यो कदमलाई "गैरसंवैधानिक सत्ताकब्जा प्रयास" भनेका छन् । जसपा अध्यक्ष उपेन्द्र यादवको अभिव्यक्तिले यो आक्रोश स्पष्ट देखिन्छ "छापामार शैलीमा सरकार बनाउने हास्यास्पद काम भएको छ।" राजनीतिको यस्तो आरोप-प्रत्यारोपले संघीय व्यवस्थाको सन्तुलनमा गम्भीर प्रश्न उठाएको छ ।

प्रदेशसभाभित्रको झडप, तोडफोड र सडक आन्दोलनले मधेशको राजनीतिक अस्थिरता अझ गहिरो बनाएको छ । एकातिर विपक्षी दलहरू अदालत धाउने तयारीमा छन् भने अर्कातिर जनकपुरधामका सडकहरूमा टायर बालिँदै, नाराबाजी गुञ्जिरहेका छन् । प्रदेश प्रमुख कार्यालयसम्म तोडफोड पुग्नुले राजनीतिक असन्तोषको गहिरो रूप देखाउँछ ।

यो विवादको मूलमा दुई प्रश्न छन पहिलो, प्रदेश प्रमुखको संवैधानिक व्याख्या सही थियो कि होइन ? दोस्रो, के राजनीतिक शक्ति सन्तुलनको नाममा संघीयताको आत्मा उल्लंघन गरिएको हो ? प्रदेश प्रमुखको कदमले प्रदेश प्रमुख संस्थाको निष्पक्षता माथि ठूलो छाया पारेको छ। संवैधानिक निकायहरू दलगत प्रभावमा चल्न थाले भने संघीयताको सार नै कमजोर बन्न जान्छ ।

मधेश प्रदेशको स्थिरता यतिबेला सूक्ष्म धागोमा टाँगिएको छ । मुख्यमन्त्री जितेन्द्र सोनलको राजीनामापछि सत्ता समीकरण पुनर्गठन हुन नपाउँदै अर्को विवाद जन्मिएको छ। यस्तो अस्थिर अवस्थाले न त प्रदेशको नीति निर्माण अगाडि बढ्न सक्छ, न जनताको विकास-आशा पूरा हुन सक्छ।

अब मधेशको राजनीतिक भविष्य न्यायपालिकाको काखमा पुगेको छ। सर्वोच्च अदालतले यदि विपक्षी दलहरूको रिटलाई वैधानिक मानेर प्रदेश प्रमुखको निर्णय असंवैधानिक ठहरायो भने, यो नेपालमा संघीय शासनको दिशानिर्देशन गर्ने ऐतिहासिक नजिर बन्नेछ । तर, यदि राजनीतिक दबाबले कानुनी निष्पक्षतामाथि हावी भयो भने, मधेश प्रदेश फेरि दीर्घकालीन अस्थिरता, आपसी अविश्वास र संघीय विखण्डनको खतरातर्फ धकेलिनेछ।

संविधानले दिएको शक्तिको प्रयोग विवेकपूर्वक र निष्पक्ष हुनुपर्छ, यो केवल कानुनी दायित्व होइन, लोकतान्त्रिक आचारसंहिताको मर्म हो । मधेशमा अहिलेको सत्तासंघर्षले हामीलाई स्मरण गराउँछ। शक्ति प्राप्त गर्न संविधान मिच्नु सजिलो होला, तर त्यसको मूल्य लोकतान्त्रिक संस्थामाथि गहिरो घाउको रूपमा रहन्छ ।

मधेश प्रदेशमा उत्पन्न वर्तमान संकट केवल सत्ता हस्तान्तरणको विवाद होइन, यो संघीय गणतन्त्रको नैतिकता, संवैधानिकता र न्यायिक स्वतन्त्रताको गहिरो परीक्षा हो। यो परीक्षा कसरी पार गरिन्छ– त्यसले मधेश मात्र होइन, सम्पूर्ण संघीय नेपालको भविष्यको दिशानिर्धारण गर्नेछ।

# कम्युनिस्ट पार्टीहरू एकता गर्ने वा विघटन ?



डा. अतीन्द दाहाल

पछिल्ला केही हप्ताको प्रयास स्वरूप पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव नेपाल नेतृत्वका दुई कम्युनिस्ट पार्टीहरूका केही टाउकालगायत फुटकर घटकबिच एकता मञ्चन भयो छ। विकसित घटनाक्रमका कारण अन्य बाम शक्तिहरूमा पनि नयाँ तरङ्ग उत्पन्न भएका समाचार प्रकाशमा आएका छन् ।

कोही पुनर्गठन र कोही घर फिर्ती अभियानमा छन् । केही थान नेतृत्वपंक्तिले बिस्तारै सबै बाम शक्तिहरूबिच एकीकरण हुने पनि बताउँदैछन् । देशमा अपेक्षित समृद्धिसमेत बाम शक्तिहरूको एकताले मात्र सम्भव हुने दलिल राख्नेहरू पनि छन् ।

वर्तमानका मुख्य पार्टीहरू एमाले, माओवादीलगायत अन्य सबै कम्युनिस्ट दलहरू विगतमा धेरै पटक फुटेका अनि कहिले काहीँ नाटकीय रूपमा जुटेका पनि थिए । जेनजी विद्रोहपछि राजनीतिबाट सफाइ लिने सनद जारी भए पनि अनेकन् भुलभुलैया बनाएर पार्टीको हैकम र हाकिमदारी नछाड्ने रवैया लुकाएका छैनन् ।

कसैले महाधिवेशन त कसैले एकता भनेर विद्रोहको विनयशीलतालाई गिज्याई रहेका छन् । राजनीतिबाट बिदाइ लिनुपर्ने पात्रहरू विभिन्न खालका अभियनमार्फत राजनीतिक रङ्गमञ्चलाई झन् अविश्वासिलो बनाउन उद्धृत हुँदैछन् ।

अहिले पनि मसाल, एकीकृत, विकेन्द्रित, ड्यास, नेकपा, बहुमत, एकीकृत समाजवादी जस्ता नाममा लगभग दुई दर्जन कम्युनिस्ट पार्टी नामधारी दोकानहरू सञ्चालनमा छन् । कम्युनिस्ट आन्दोलनलाई कुनै कालखण्ड सशक्त नेतृत्व दिएका बाबुराम भट्टराई, मोहन वैद्य 'किरण', नेत्रविक्रम चन्द 'विप्लव', सिपी मैनाली, भीम रावल, मोहन विक्रम सिंह जस्ता नेताहरू दूर क्षितिजमा कतै छन् जस्ता मात्रै देखिन्छन् ।

उनीहरू चोइटिएर तितरबितर छन्, कम्युनिस्ट नामका विभिन्न खाले कचहरीमा केन्द्रित छन् । दलहरूमा निरन्तरको फुट र आन्तरिक लफडाबाजी देखिनु आफैँमा लोकतन्त्रका लागि निश्चय नै शुभ समाचार भने होइन । तर एकिकरणमार्फत बलियै शक्ति बने पनि नागरिकलाई खासै केही उल्लेख्य हुने देखिँदैन । कुनै पनि दल राजनीतिक शक्तिका रूपमा रहनुपर्छ कि पर्दैन भन्ने कुरा तीन मुख्य सिद्धान्तहरूको कसीमा मापन गरिन्छ ।

ती हुनः पार्टी सत्ताधारीको सामाजिक जीवन चरित्र । पार्टी राज्यसत्तामा रहँदाको कार्यसम्पादन र दल स्थापनाको औचित्य । यी तीनवटै आधारले अब कम्युनिस्ट नाममा हिजो जस्तै काम गरिरहने हो भने ती दलहरूको उपादेयता लगभग सकिएको आभास हुन्छ । पार्टी सत्ताका अगुवाहरूको चरित्र तथा आचरणमा आएको गम्भीर स्खलन यसको सबै भन्दा प्रमुख जड हो ।

### *पार्टी सत्ताको शर्मनाक चरित्र*

अधिकांश वाम नेताहरू पुँजीवादको विरोध त गर्छन् तर जीवन भने उच्च पुँजीवादी शैलीमा बिताउँछन् । सादा जीवन भन्ने कुरा त दस्ताबेजमा लेख्नका लागि मात्र बनाइएको हो भन्ने उनीहरूले आफ्नै जीवनबाट प्रमाणित गरिसकेका छन् ।

नाजायज, अवैधानिक तथा नकमाएको धनदौलत थुपार्नमा अधिक लगाव राख्छन् र अविच्छिन्न उपासना गर्छन् । सर्वहाराका नेता भएको भ्रम छरेर सर्वभोगी र विलासी जीवनमा रमाउँछन् । भरखरै भएको नागरिक विद्रोह विस्फोटनमा पनि नेताहरूको विलासिता र भ्रष्टाचारले ठुलै मलजल गरेकै थियो ।

पुस्तकालय मदिरालयमा फेरिएका छन् । जुवा, तास, रमरमिता र भोगविलास आत्मीय अखडा बन्दैछन् । बुर्जुवा शिक्षा भनेर अरूलाई विद्यालयबाट बाहिर निकालेर आफूचाहिँ निजी शिक्षाको व्यापारमा व्यस्त छन् । अत्तर छर्केर हिँड्ने, उच्च कोटिका विदेशी सोमरसका साथमा राजसी ढाटको चौरासी व्यञ्जन अधिकांशको प्रमुख दिनचर्या बन्दैछ । गोडा भएका कम्युनिस्टहरूलाई घोडा चाहिँदैन भन्नेहरू महँगा गाडी र हेलिकप्टरमा तडकभडक साथ सवारी चलाउन व्यस्त छन् । अधिकांश कम्युनिस्ट नेता व्यापारी भन्दा धनी छन् । रवाफिलो र भड्किलो जीवन शैलीमा छन् । आडम्बर र अहङ्कार यस्तो छ, मानौँ उनीहरू सामान्य नागरिक नभई महासामन्त वा सम्भ्रान्त हुन् ।

अनियन्त्रित दम्भ तथा अविवेकी आचरण चुलिँदो छ । नेताहरू 'लिडर' बाट 'डिलर' मा परिणत भएका छन् । उनीहरू राजनीतिलाई व्यापार ठान्छन्, नाफामा तल्लीन छन् । कालोबजारी, भ्रष्टाचार तथा तस्करीलाई दर्शन मान्छन्, कमिसनलाई अमृत ठानी पिउँछन् । कसैले उनीहरूको विरोध गरे विदेशी दलाल र परिचालितको आरोप लाउँछन् ।

उपभोक्तावाद तथा क्रोनी क्यापिटलिजमको विस्तारलाई सहज हुने गरी नियम बनाउँछन्, साम्राज्यवादी आचरण देखाउँछन्, हरेकमा मुनाफा खोज्छन्, सबैको श्रोत र साधन आफ्ना लागि दोहन गर्न चाहन्छन् । उनीहरूको अन्तिम ध्येयमा परिवारवाद छ ।

उनीहरू देश बनाउन होइन, आफू मात्र बन्नमा केन्द्रित छन् । आर्की ब्राउनको पुस्तक 'द राईज एण्ड फल अफ कम्युनिजम' ले समेत संसारभर कम्युनिस्टहरूको आचरण पतन उन्मुख भएको देखाउँछ । हामी यसको ज्वलन्त उदाहरण हौँ ।

### *कमजोर कार्यसम्पादन*

राजनीतिको पछिल्लो १५ वर्षमा अधिकतम समय यी वा ती नामधारी कम्युनिस्ट पार्टीहरूले नै सरकारको नेतृत्व गरे । अन्य समय महत्त्वपूर्ण साझेदारीमा पनि रहे । तर कार्यसम्पादनसमेत अधिक कमजोर भएकोमा आम नागरिक ज्ञात नै छन् ।

निर्मला बलात्कार काण्ड, सुन काण्ड, गुठी विधेयक काण्ड, रुकुम काण्ड, बालुवाटार जग्गा काण्ड, सेक्युरिटी प्रिन्टिङ काण्ड, स्वास्थ्य सामाग्री खरिद काण्ड आदि तरङ्गहरू कम्युनिस्टकै ओतप्रोतमा आए । 'ओम्नी' र 'यति'ले दरैगरी कब्जा जमाएको देशलाई 'बतास'ले उडाउनु पर्ने अवस्था कम्युनिस्टकै कारण देखियो । अहिले एकीकरणमा गएकाहरूले पनि यी उपद्रवलाई अभिभावकत्व दिएकै हुन् ।

हरेक ठाउँमा सेटिङसहित साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेर सार्वजनिक संस्थान, निगम, विश्वविद्यालय, न्यायालयलगायत अन्य संस्थाहरूमा आफ्ना कार्यकर्ता भर्ती गर्ने र अपवाद बाहेक तीनलाई सकेसम्म निकम्मा तथा कवाडी बनाउनेमा उनीहरू नै माहिर देखिए । हरेक ठेक्कापट्टामा कमिसन, हरेक नियुक्तिमा नजराना अनि निर्णयमा सिन्डिकेट लादियो ।

मजदुर, किसान, पिछडिएका वर्ग, श्रमिकहरू भोटका लागि मात्र प्रयोग गरिए । अरू बेला कर छली गर्ने उद्योगी, नजराना चढाउने कमिसनखोर, दलाल तथा समाजलाई तर्साउने डन, देश तथा नागरिकलाई ठग्ने ठेकेदार, सकेसम्म शोषण गर्ने खलनायकहरूसँग नेताहरूले सत्सङ्ग र दिव्य मिलन गरेको देखियो ।

सामन्तको टाउको छिनाउनेदेखि शोषकको सफाया गर्नेहरू आफै नयाँ सामन्त र शोषक बनेका उदाहरण छन् । नागरिकका लागि सार्वजनिक सेवा प्रवाह र विकास खस्कँदो छ । देशको सर्वपक्षीय विकास, आर्थिक उपार्जन, प्रभावकारी सेवा तथा नागरिक जीवनलाई गुणस्तरीय बनाउने कार्ययोजनामा ठोस प्रस्टता छैन ।

लेखक गोवर्द्धन रानाको पुस्तक 'साम्यवाद' मा लेखिएको छ, 'झुट बोलेर नागरिकलाई झुक्क्याउनु नै कम्युनिस्टहरूको दार्शनिक धर्म हो ।' साँच्चै यस्तै परिदृश्य देखिएको छ राजनीतिक रङ्गमञ्चमा । अब त उनीहरूको स्थापनाकालीन उपादेयता नै अवसान भइसकेको छ ।

### *उपादेयता के त ?*

प्रचण्डको उद्देश्य राजतन्त्र फालेर संविधानसभा मार्फत गणतान्त्रिक संविधानको निर्माण थियो । माधव नेपालको उद्देश्य पञ्चायती व्यवस्थाको उन्मुलन थियो । अन्य सबै खालका कम्युनिस्ट पार्टीसमेत यिनै व्यवस्था समाप्तिका लागि स्थापित थिए । ती सबै पार्टीको आधारभूत उद्देश्य समेत पुरा भएकाले अब बाँकी नागरिक अपेक्षा पुरा गर्न नयाँ ढङ्गका दलहरूको आवश्यकता पर्छ ।

तत्कालीन शक्तिको प्रतिस्थापनपछि के गर्ने भन्ने न त स्पष्ट योजना थियो न त्यसको व्यवस्थापन गर्दै नागरिकको आशा अनुसार काम गर्न सके उनीहरूले । त्यही असक्षमताको प्रभाव अहिलेको कम्युनिस्टमा परेको छ ।

त्यसैले अहिलेका कम्युनिस्ट वा वाम पार्टीहरू भविष्यमा विभाजित वा एकीकृत नै रहे पनि नागरिक भलाई तथा देश हितमा भने उनीहरूका गतिविधि केवल कागलाई बेल पाके जस्तो मात्र हुनेछ । तत्काले केही अनुपम र उदाहरणीय हुने अवस्था छैन । उनीहरूबिचको विवाद अनि नाटकीय शैलीमा हुने मेलमिलाप आदिले कसैको आडम्बरलाई जोगाउँला तर कम्युनिस्ट आचरण, समाजवादी चरित्र तथा नागरिक अपेक्षालाई जोगाउन सक्ने ल्याकत राख्दैन ।

परिवर्तित सन्दर्भमा आफूलाई वाम भन्ने राजनीतिक पार्टीहरूको अभिष्टमाथि निर्मम समीक्षा आवश्यक छ। अहिले चलेको एकताको बहस- एकताको भजन आत्मरतिको फेसन त बन्न सक्ला तर यसले नागरिक अपेक्षाको सम्मान भने गर्दैन ।



# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# लसुनको विश्वयात्रा : दासहरूको खानेकुरा र प्राचीन औषधिदेखि आधुनिक परिकारसम्म

द फूड चेन प्रोग्र्याम



कडा गन्ध मात्र नभई औषधीय गुणका कारण पनि मानिसहरूले हजारौं वर्षदेखि लसुनलाई मन पराएका छन्। कीटाणुहरू मार्न सक्ने क्षमता भएकाले युगौंदेखि लसुन भान्छा तथा परम्परागत औषधालय दुवैमा पाइन्छ।

आरम्भमा मध्यएशियामा पाइएको लसुन मानिसहरूसँगै युरोप र अमेरिका पुग्यो। अहिले चीन लसुनको विश्वकै सबभन्दा विशाल उत्पादक हो।

बीबीसी विश्व सेवाको 'फूड चेन प्रोग्र्याम'ले लसुनको इतिहास, अनि सांस्कृतिक महत्त्व केलाएको छ र सोधेको छ : के लसुनले हामीलाई साँच्चिकै फाइदा गर्छ?

*भान्छामा अपरिहार्य*

असङ्ख्य किसिमका भोजनका निम्ति लसुन अपरिहार्य छ। डेनिश शेफ पोल एरिक जेन्सनको उत्तरपश्चिमी फ्रान्सस्थित पाककला सिकाउने फ्रेन्च डाइनिङ स्कूलमा संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, यूके तथा एशियाका विद्यार्थीहरू पढ्न आउँछन्। हालसम्म उनले लसुन नचिन्ने कुनै विद्यार्थी नभेटेको सुनाए।

खानाको स्वादलाई लसुनले नाटकीय ढङ्गले उठाइदिने उनी ठान्छन्। लसुनबिना फ्रेन्च परिकार कस्तो होला भनेर उनी कल्पना गर्छन्।

"उनीहरूले फ्रान्सका मानिसहरूले लसुनबिना कुनै स्वादिलो खानेकुराको कल्पना गर्न सक्लान् जस्तो मलाई लाग्दैन," उनले भने। "सूपदेखि तरकारी वा मासुका परिकार जेमा पनि कतै न कतै लसुनको एक पोटी मिसाइएकै हुन्छ। लसुनबिनाको परिकार कल्पना गर्न सकिन्न।"

तर डेन्मार्कको ग्रामीण भेगमा सन् १९७० को दशकमा हुर्कँदा उनले लसुन चिनेका थिएनन्।

कडा गन्धका कारण लसुन कुख्यात भएको उनी सम्झन्छन्। तर टर्कीबाट मानिसहरू डेन्मार्क आउन थाले अनि ती आप्रवासीले बनाएको खानेकुरामा लसुन हुन थाल्यो। जेन्सनलाई लसुनको बानी इटालियन पिज्जाले पनि बसाल्यो। अचेल उनी जाडोमा लसुन स्वास्थ्यका लागि गुणकारी पाउँछन्।

"मेरा साझेदार र म बिहानै एक-एक कचौरा सूप पिउँछौं जसमा सिङ्गो एक पोटी लसुन हाल्छौं," उनी भन्छन्। "हामीलाई कडा रुघा वा फ्लू लागेको छैन। लसुनकै कारण त्यसो भएको भन्नेमा म निश्चिन्त छु।"





*लामो यात्रा*

लसुनको सांस्कृतिक र आध्यात्मिक महत्त्व हजारौं वर्षदेखि अनवरत छ। प्राचीनकालमा ग्रीकहरू 'हेकेट' नामक 'बोक्सीविद्या'की देवी तथा घरपरिवारकी संरक्षिकालाई अर्पण गर्दै चौबाटोमा लसुन राखिदिन्थे। इजिप्टमा प्रख्यात राजा टूटन्कामनको समाधिस्थलमा पनि लसुन भेटिएको थियो। त्यसले उनलाई "मृत्युपछिको जीवनमा" सहयोग गर्ने विश्वास गरिएको थियो। चिनियाँ र फिलिपिनोका कथाहरूमा पनि मानिसहरूले भ्याम्पायर वा पिशाचसँग लड्न लसुनको प्रयोग गर्ने गरेको उल्लेख छ।

"संसारको सबभन्दा पुरानो परिकारमा मेसोपोटामियाको स्टू वा सूप पर्छ, जुन ३,५०० वर्ष पुरानो पाकविधि हो। त्यसमा लसुनका दुइटा पोटी हुन्छन्," 'गार्लिक: एन इडिबल बायोग्राफी' पुस्तकका



लेखक रबिन चेरीले भनिन्।

"साथै यसको औषधीय गुणबारे सबभन्दा प्राचीन सन्दर्भ पनि ३,५०० वर्षे पुरानो छ। उक्त सन्दर्भ 'एबर्स प्यापिरस'मा परजीवी नियन्त्रणदेखि लिएर मुटु वा श्वासप्रश्वासका रोग निको पार्न लसुनको प्रयोग गर्ने विधि उल्लेख छ," उनले भनिन्।

प्राचीन ग्रीक चिकित्सक तथा दार्शनिक हिप्पोक्रेटसले लसुनलाई विविध उपचारमा प्रयोग गर्ने गरेको चेरीले बताइन्। साथै अरस्तु तथा एरिस्टोफेन्सजस्ता विख्यात दार्शनिक तथा लेखकहरूले पनि लसुनको औषधीय गुणबारे उल्लेख गरेका छन्।

*दासदासीको खानाबाट शाही परिकारसम्म*

प्राचीन मेसोपोटामिया, इजिप्ट, ग्रीस, रोम, चीन र भारतमा लसुन निकै रुचाइन्थ्यो। रोमन सैनिकहरू लसुन खाँदा साहस र बल बढ्ने ठान्थे। लसुनलाई तिनको सैन्य अभियानसँगसँगै युरोपभरि फैलाए।

खाना र औषधि दुवैका रूपमा प्रयोग भए पनि कुनै समय लसुनलाई खानाको रूपमा केवल "तल्लो जाति"ले मात्र प्रयोग गर्थे। "त्यो केवल गरिब मानिसको खाना थियो," रबिन चेरीले भनिन्।

"इजिप्टमा पिरामिड निर्माणमा संलग्न दासदासी हुन् वा रोमन नाविकहरू, तिनलाई लसुनले बल प्रदान गर्थ्यो। यो सस्तो थियो अनि खानाका बेस्वादलाई यसले छोपिदिन्थ्यो। त्यसलै यसलाई गरिबहरूले मात्र खाने चिजका रूपमा हेरिन्थ्यो।"



चौधौं देखि १६औं शताब्दीमा जब युरोपेली इतिहासमा शास्त्रीय ज्ञान अनि कला तथा विज्ञानको विस्तारसहित रनसाँ वा पुनर्जागरणको काल भित्रियो त्यही बेलादेखि लसुनको प्रतिष्ठा पनि फेरियो।

"फ्रान्सका हेन्री चौथौँलाई लसुनले 'बाप्टाइज' गरियो। उनी धेरै लसुन खान्थे जसले त्यसलाई प्रख्यात पनि बनायो," चेरीले भनिन्। उनका अनुसार १९औं शताब्दीमा इङ्गल्यान्डमा भिक्टोरियन युगमा लसुनको ख्याति बढ्यो।

अमेरिकामा चाहिँ लसुन निकै पछि सन् १९५० र १९६० को दशकमा आप्रवासीहरूले भित्र्याए। त्यसपछि लसुनसँग जोडिएको नकारात्मक दृष्टिकोण उल्टियो।

"वास्तवमा लसुनलाई यहुदी, इटालियन तथा कोरियनहरूसँग जोडेर निकै अपमानजनक रूपमा लिइन्थ्यो। तिनलाई लसुन खानेहरू भनेर एक किसिमले होच्याइन्थ्यो," रबिन चेरीले बताइन्।

*औषधिका रूपमा लसुन*

हाल विश्वभरि ६०० थरी लसुन पाइन्छ। मध्यएशियाको उज्बेकिस्तान र ककेशियाको जोर्जामा पाइने लसुन हालै मात्र संसारभरि उपलब्ध हुन थालेका छन्।

आधुनिक परिकारहरूमा उसको विशिष्ट भूमिकाका अतिरिक्त लसुनलाई रुघा वा चिसोका अन्य लक्षणहरू उपचार गर्न प्रयोग गरिन्छ। यसले रक्तचाप, कलेस्टरोल तथा क्यान्सरमा पार्ने प्रभावको अध्ययन गर्न क्लिनिकल परीक्षणहरू भएका छन्। तर तिनको परिणाम मिश्रित पाइएको छ।

इरानमा गरिएको एउटा सानो अध्ययनले लसुन र कागतीको रसले कलेस्टरोल तथा रक्तचापलाई छ हप्तामा घटाइदिएको देखायो। तर अमेरिकाको स्ट्यान्फर्ड विश्वविद्यालयले २०० जना स्वस्थ्य व्यक्तिहरूमाझ छ महिना लगाएर गरेको विस्तृत अध्ययनमा कलेस्टरोल घटाउनमा यसको उल्लेखनीय प्रभाव पाइएन।

सन् २०१४ मा अस्ट्रेलियाको सिड्नी विश्वविद्यालयले गरेको एक अध्ययनले लसुनमा एन्टिमाइक्रोबिअल (कीटाणुनाशक), एन्टिभाइरल (भाइरसनाशक) तथा एन्टिफङ्गल (ढुसीनाशक) गुण भएको निश्चित गर्‍यो।

"लसुनमा उल्लेखनीय स्तरमा पोटासिअम, फोस्फरस, जिङ्क, सल्फर अनि केही मात्रामा म्याग्नेसिअम, म्याङ्गनीज र फलाम तत्त्व पाइन्छ। यो एक किसिमले गजबको तरकारी हो," ब्रिटिश डाइटिक असोसिएशनका प्रवक्ता तथा बालबालिकाको पोषणसम्बन्धी विज्ञ बाही भ्यान डि बोरले भनिन्।

"यसमा सल्फर वा गन्धक मिसिएको 'एलिसिन' भन्ने यौगिक पाइन्छ। यसमा टन्न प्रिबायोटिक फाइबर हुन्छ जुन हाम्रो आन्द्राका निम्ति उपयोगी हुन्छ। यसमा कीटाणुनाशक केही गुण पनि हुन्छ," उनले भनिन्। आन्द्रामा उपयोगी ब्याक्टेरियालाई फैलन दिन अनि कब्जियत तथा पेट फुल्ने समस्यामा सघाउ पुर्‍याउन लसुनमा रहेको फाइबरले मद्दत गर्ने उनले बताइन्।

वयस्क व्यक्तिका लागि हरेक दिन एक वा दुई पोटी काँचो लसुन खानु सुरक्षित मानिन्छ। तर अमेरिकन फ्यामिली फिजिशन नामक क्लिनिकल जर्नलमा प्रकाशित एक शोधपत्रका अनुसार खास गरी खाली पेटमा धेरै लसुन खायो भने पेट तथा आन्द्रामा समस्या हुने, अपान वायु उत्पन्न हुने तथा आन्द्रामा हुने ब्याक्टेरियाको विविधतामा प्रभाव पर्ने उल्लेख छ। साभार: बीबीसी/नेपालीबाट

# जेनजी फ्रन्टले सरकारलाई बुझायो नौ बुँदे विस्तृत सम्झौतापत्रको मस्यौदा

दैनिक समाचारदाता
काठमाडौँ २५ कात्तिक। नेपाल जेनजी फ्रन्टले गत भदौ २३ र २४ का दिन देशभर भएको जेनजी विद्रोहका माग, जनभावना र राजनीतिक सन्देशलाई संस्थागत रूप दिन तयार गरेको नौ बुँदे विस्तृत सम्झौतापत्रको मस्यौदा मंगलबार नेपाल सरकारलाई बुझाएको छ।

प्रधानमन्त्रीका सल्लाहकार अजयभद्र खनाल र गोविन्दनारायण तिमिल्सिनाको माध्यमबाट फ्रन्टले उक्त मस्यौदा सरकारलाई बुझाएको हो।

प्रधानमन्त्री कार्यालयमा फ्रन्टकी संयोजक रक्षा बम, सदस्यहरू युजन राजभण्डारी, आदित्य कर्ण, रितु खड्का, अमृता बन लगायतको उपस्थितिमा फ्रन्टका संवाद समिति सदस्य अधिवक्ता मनिष खनालले सम्झौताको मस्यौदा सरकारलाई बुझाएका हुन्। अधिवक्ता खनालका अनुसार यस मस्यौदामा विद्रोहको राजनीतिक अर्थ, न्यायको आवश्यकता र समाधानको दिशालाई स्पष्ट रूपमा परिभाषित गरिएको छ।

फ्रन्टले तयार गरेको सम्झौताको मस्यौदामा जेनजी विद्रोहलाई नेपालको लोकतान्त्रिक अभ्यासमा देखिएको असन्तुष्टि, प्रतिनिधित्वको



अभाव र शासन संरचनाप्रतिको अविश्वासका प्रतिक्रिया स्वरूप उत्पन्न राजनीतिक आन्दोलनको रूपमा औपचारिक मान्यता दिन प्रस्ताव गरिएको छ।

मस्यौदाले यो विद्रोहलाई हिंसारहित नागरिक अभिव्यक्ति र सामाजिक न्याय, पारदर्शिता, उत्तरदायित्व र समावेशिताको मागका रूपमा परिभाषित गर्दै यसलाई नयाँ पुस्ताको राजनीतिक चेतनाको दस्तावेजका रूपमा मान्यता दिने उल्लेख गरेको छ।

मस्यौदाको दोस्रो खण्डमा भाद्र २३ र २४ का घटनामा शहीद भएका नागरिक र आन्दोलनकारीलाई शहीद घोषणा गर्दै शहीद परिवार र घाइतेहरूको न्याय, परिपूरण र दीर्घकालीन स्मरण सुनिश्चित गर्न स्वतन्त्र आयोग गठन गर्न प्रस्ताव गरिएको छ।

आयोगले गरिने सिफारिसलाई सरकारद्वारा कार्यान्वयन गर्नुपर्ने स्पष्ट प्रावधान मस्यौदामा समावेश गरिएको छ।

तेस्रो खण्डमा घटनाको निष्पक्ष छानबिन र जिम्मेवार अधिकारीहरूको अभियोजन सुनिश्चित गर्नका लागि जाँचबुझ आयोगलाई सुदृढ कार्यादेश दिने माग गरिएको छ।

मस्यौदाले अपराध र आन्दोलनबिचको भिन्नता सुनिश्चित गरी गैरन्यायिक बल प्रयोग र मानवअधिकार उल्लङ्घनका घटनाको पुनरावृत्ति रोक्ने कानुनी तथा संरचनागत सुधारका दिशामा सरकारलाई अग्रसर हुन आह्वान गरेको छ।

चौथो र पाँचौं खण्डमा सुशासन, जवाफदेहिता र निर्वाचन प्रणालीमा आमूल सुधारका एजेन्डा प्रस्तुत गरिएको छ।सार्वजनिक निकायमा हुने दलीय भागबन्डा र भ्रष्टाचार अन्त्य गर्न युवा र जेनजी प्रतिनिधित्वसहितको विज्ञ कार्यदल गठन, सम्पत्ति स्रोतको छानबिन र अवैध सम्पत्तिको राष्ट्रियकरण, प्रवासी नेपालीलाई मताधिकार सुनिश्चित गर्न आवश्यक पूर्वाधार विकास र आगामी निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन कानुनी सुधार गर्नुपर्ने प्रस्तावहरू मस्यौदामा समेटिएका छन्।

संविधान संशोधनसम्बन्धी खण्डमा, नेपालको सार्वभौमिकता, स्वाधीनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मर्महरूलाई अक्षुण्ण राख्दै शासन प्रणालीलाई समयानुकूल र जनआकांक्षानुकूल बनाउने उद्देश्यसहित स्वतन्त्र र उच्चस्तरीय संविधान संशोधन सुझाव कार्यदल गठनको व्यवस्था गरिएको छ।

मस्यौदाले समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित गर्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक र आर्थिक रूपमा विपन्न खस आर्यसहित सबै समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नीति संरचनात्मक सुधार गर्नुपर्ने खाका तयार गरेको छ। साथै, पारदर्शिता र डिजिटल स्वतन्त्रताको ग्यारेन्टीका विषयमा राज्यले आफ्नो जवाफदेहिता कानुनी, भौतिक र प्राविधिक रूपमा सुनिश्चित गर्नुपर्ने मस्यौदाको निष्कर्ष छ।

जेनजी विद्रोह नेपालको नयाँ पुस्ताले राजनीतिक असमानता, अस्थिरता र असन्तुष्टिको विरुद्धमा दिएको लोकतान्त्रिक उत्तर भएको फ्रन्टकी संयोजक बमले बताइन्।

# मधेसका नवनियुक्त मुख्यमन्त्रीले सम्हाले कार्यभार



दैनिक समाचारदाता
जनकपुरधाम, २५ कात्तिक। मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले कार्यभार सम्हालेका छन्।

कार्यभार सम्हाल्दै उनले मधेस आन्दोलनका सहिदहरूलाई मधेस रत्नले सम्मानित गर्ने पहिलो निर्णय गरेका छन्।

मधेस आन्दोलनमा शहादत प्राप्त गरेका शहीदहरूलाई मधेस रत्न सम्मानबाट सम्मानित गर्ने निर्णय गरेका हुन्।

मुलुकमा सङ्घीयता ल्याउन मधेसका शहीदहरूको अतुलनीय योगदान रहेको मुख्यमन्त्री यादवले बताए।

उनले शहीदका परिवारलाई मधेसमा आर्थिक सहयोग दिइएको भएपनि मधेसका शहीदहरूलाई सम्मान नभएको बताए।

उनले प्रदेशमा शान्ति सुव्यवस्था कायम गरी सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन सुरक्षा निकायका पदाधिकारीहरूलाई निर्देशन दिएका हुन्।

कात्तिक २३ मुख्यमन्त्री नियुक्त भएका उनले कात्तिक २४ गते शपथ लिएका थिए।

# नेपालको संविधानलाई राम्रो भन्न सकिँदैन : पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ

दैनिक समाचारदाता
काठमाडौँ २५ कात्तिक। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले नेपालको संविधानलाई राम्रो भन्न नसकिने टिप्पणी गरेका छन्। संविधान राम्रो भएको भए जनतामा सन्तुष्टिको मात्रा बढ्ने थियो भन्ने उनको निष्कर्ष छ।

नेपाल कानुन समाजले मंगलबार काठमाडौँमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले संविधानले राम्रो नतिजा नदिएकै कारण जेनजी पुस्ताले आन्दोलन गर्नुपरेको जिकिर गरे। आम जनताले संविधानको लाभहरू भोग्न नपाएकोमा उनले असन्तुष्टि व्यक्त गरे।

पूर्वप्रधानन्यायाधीश श्रेष्ठले भने, 'नतिजा आउँदै नआउने संविधान कसरी राम्रो हुन सक्छ ? राजनीति विशिष्ट खालको र सुशासन निकम्मा खालको कसरी हुन सक्छ?'उनले थपे, 'यदि संविधान राम्रो हो भने यसको नतिजा त आउँथ्यो त। जनताको सन्तुष्टिको मात्रा त बढ्थ्यो त। यस्तो आन्दोलन गर्नुपर्ने अवस्था आउँदैनथ्यो त। नतिजाहरू आएनन्। मान्छेहरू यसको लाभहरू भोग्न चाहन्छन्। पाएनन् भने पाएनन् भन्न पाउनुपर्छ। यसरी भन्नुपर्ने अवस्थामा आयो यो।'उनले जेनजी आन्दोलन देशप्रति माया गर्नेहरूले गरेको उल्लेख गर्दै त्यसको सम्मान गरेर अघि बढ्नुपर्ने बताएका छन्।

# मुख्यमन्त्रीलाई होटलमा शपथ गराउनु सङ्घीयतामाथिको प्रहार : प्रदीप पौडेल

दैनिक समाचारदाता
काठमाडौँ २५ कात्तिक। नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई होटलमा शपथ ग्रहण गराएको घटनालाई 'सङ्घीयतामाथिको प्रहार' का रूपमा टिप्पणी गरेका छन्।

मंगलबार पार्टी कार्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता पौडेलले राज्य संरचना प्रचलित राज्यप्रणालीअनुसार नै सञ्चालन हुनुपर्ने बताए। उनले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पदीय मर्यादा र पद्धति पालना नगरेको आरोप लगाए। पौडेलले मधेस प्रदेशमा पदीय मर्यादाविपरीत काम भएको दाबी गर्दै प्रदेश प्रमुखको आचरणले सङ्घीय अभ्यासमाथि नै प्रश्न उठाएको टिप्पणी गरे। उनले भने, 'राज्यको संरचना राज्य प्रणालीअनुसार नै चल्छ। राज्य प्रणालीका आफ्नै मर्यादाहरू हुन्छन्। यी मर्यादाहरूको पालना गर्ने काम जिम्मेवार अधिकारीको हुन्छ।'

उनले थपे, 'अहिले मधेस प्रदेशको हकमा समेत मर्यादा कायम नगरेको, पद्धतिअनुसार काम नगरेको देखियो। प्रदेश प्रमुखले गरेको काम पदीय मर्यादाविपरीत थियो। त्यसकारण मधेसमा पछिल्लो पटक भएको घटनाले सङ्घीयतामाथि प्रहार



भएको देखियो।'

स्मरण रहोस्, तत्कालीन प्रदेश प्रमुख भण्डारीले मुख्यमन्त्री यादवलाई बर्दिवासस्थित एक होटलमा शपथ ग्रहण गराएकी थिइन्। पदीय मर्यादा कायम गर्न नसकेको भन्दै सरकारको सिफारिसमा राष्ट्रपतिले प्रमुख भण्डारीलाई पदमुक्त गरिसकेका छन्।

## मधेशको.........

प्रमुखले निष्पक्षताको मर्यादा तोडिन् र संविधानको भावना कमजोर पारिन्।" कानुनी पक्षमा सहयोगका लागि मधेश प्रदेशका पूर्वमुख्यन्यायाधिवक्ता दीपेन्द्र झा पनि उनीहरूसँगै थिए।

गत आइतबार प्रदेश प्रमुखले दलहरूलाई औपचारिकरूपमा जानकारी नदिई, संविधानको धारा १६८(३) अन्तर्गत सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन्। त्यसपछि सोमबार बिहान उनले 'बिरामी भएको' कारण देखाउँदै बर्दिबासस्थित पानस होटलमा शपथ ग्रहण गराएकी थिइन्। संवैधानिक निकायको यस्तो औपचारिक कार्य कार्यालयबाहिर, गोप्यरूपमा सम्पन्न हुनु लोकतान्त्रिक परम्पराको खिल्ली उडाएको टिप्पणी राजनीतिक वृत्तमा गरिएको छ।

यही विवादको चर्को दबाबका बीच मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरे। यद्यपि, यस कदमले तत्कालीन संकटलाई केही समयका लागि शान्त बनाएको देखिए पनि राजनीतिक द्वन्द्व र अविश्वासको वातारण भने अझै कायम छ।

राजनीतिक विश्लेषकहरूका अनुसार, मधेश प्रदेशमा देखिएको संकट केवल सत्ताको लडाइँ मात्र होइन, संघीयता र संवैधानिक शासनको गहिरो परीक्षा पनि हो। संवैधानिक पदमा बसेका व्यक्तिहरूले दलगत स्वार्थअनुसार कदम चाल्दा संघीय व्यवस्थामाथि जनताको विश्वास घट्दै जान्छ। अर्कोतर्फ, दलहरूले सडक आन्दोलनलाई राजनीतिक प्रतिशोधमा परिणत गर्दा नागरिक स्तरमा संघीयताको मर्ममाथि प्रश्न उठ्ने अवस्था सिर्जना हुन्छ।

अब सबैको नजर सर्वोच्च अदालतमा केन्द्रित भएको छ। अदालतले विपक्षी दलहरूको दाबीलाई वैधानिक ठहर गरेमा यो घटना संघीय नेपालमा संविधानको व्याख्याको ऐतिहासिक नजिर बन्नेछ। तर यदि कानुनी निष्पक्षता राजनीतिक प्रभावमा पऱ्यो भने मधेश प्रदेश फेरि लामो समयसम्म अस्थिरता, अविश्वास र सत्तासंघर्षको दलदलमा फस्ने सम्भावना प्रबल छ।

मधेशको यो घटनाक्रमले एउटा स्पष्ट सन्देश दिएको छ– संविधानका शब्द मात्र होइन, त्यसको भावना र मर्यादा पालन गर्न सक्ने राजनीतिक संस्कार आवश्यक छ। जबसम्म राजनीतिक दल र संवैधानिक निकायहरूले निष्पक्षताको आत्मा आत्मसात गर्न सक्दैनन्, संघीयता परिपक्व बन्न सक्दैन, र मधेशजस्ता प्रदेशहरू बारम्बार सत्ताको घेराबन्दीमा फसिरहनेछन्।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४